STATE OF NEW YORK
OFFICE OF THE ATTORNEY GENERAL

ERIC T. SCHNEIDERMAN
महान्यायाधिवक्ता (ATTORNEY GENERAL)

NEW YORK STATE EDUCATION DEPARTMENT
THE UNIVERSITY OF THE STATE OF NEW YORK

MARYELLEN ELIA
शिक्षा आयुक्त (COMMISSIONER OF EDUCATION)
न्यूयोर्क राज्य विश्वविद्यालय अध्यक्ष (PRESIDENT OF THE UNIVERSITY OF THE STATE OF NEW YORK)

फेब्रुअरी 27, 2017

सङ्घीय अधिकारीहरूद्वारा हालै चालिएका आप्रवासन-सम्बन्धि कार्यवाहीहरूले देशभरि नै डर तथा अन्योलता सिर्जना गरेको छ। न्यूयोर्क राज्यका बासिन्दाहरू, जसलाई हाम्रो दुवै एजेन्सीहरू तथा न्यूयोर्क राज्य प्रतिनिधिको राज्य समिति (New York State Board of Regents) ले सेवा दिन प्रतिभूत छ, ले यी कार्यवाहीहरूले उठाएका चिन्ता तथा प्रश्नहरूको बारेमा हाम्रो एजेन्सीहरूलाई प्रत्यक्ष रूपमा सम्पर्क गरेका छन्। न्यूयोर्क राज्यको महान्यायाधिवक्ताको कार्यालय (“OAG”) तथा न्यूयोर्क राज्यको शिक्षा विभाग (“SED”) ले न्यूयोर्क राज्यभरिका विद्यार्थी, स्कूल, परिवार तथा समुदायहरूलाई आज यो पुन: पुष्टि गर्न लेख्छ कि हाम्रो स्कूलहरू सुरक्षित आश्रय स्थलको रूपमा रहिरहनेछन् जहाँ सबै विद्यार्थीहरूले अध्ययन गर्न सक्छन्।

न्यूयोर्क राज्य शिक्षा कानून बमोजिम, हाई स्कूल डिप्लोमा प्राप्त नगरेका पाँच वर्ष भन्दा माथिका बालबालिकाहरू र एक्काइस वर्ष भन्दा कम उमेर समूहका मानिसहरूसँग अध्ययन शुल्क बिना आफू बसोबास गर्ने स्कूल डिस्ट्रिक्टमा कुनै पनि सरकारी स्कूलमा पढ्ने अधिकार हुन्छ। त्यसबाहेक पनि, स्कूल डिस्ट्रिक्टहरूले अनिवार्य स्कूल उमेर समूहका सम्पूर्ण विद्यार्थीहरूले पूर्ण-कालिन शिक्षण प्राप्त गर्छन् भनेर सुनिश्चित गर्नुपर्छ।[1] **अमेरिकी बालबालिकाहरू जस्तै कागजपत्र नभएका बालबालिकाहरूसँग पनि उनीहरूले राज्यको कानूनद्वारा उमेर तथा आवासीय अनुमति सम्बन्धि स्थापित आवश्यकताहरूलाई पूरा गर्दा सम्म पूर्णकालिन स्कूल शिक्षा प्राप्त गर्ने अधिकार हुन्छ**। वास्तवमा, अमेरिकी सर्वोच्च अदालतले दशकौं पहिले, *Plyler v. Doe* को मुद्दामा, स्कूल डिस्ट्रिक्टहरूले कुनै पनि विद्यार्थीहरूलाई उनीहरूको वा उनीहरूको आमाबुबा वा अभिभावकको कागजी रूपमा दर्ता नभएको अवस्था वा गैर-नागरिक रहेको अवस्थाको आधारमा नि:शुल्क सरकारी शिक्षाबाट वञ्चित गराउन सक्ने छैनन् भनि फैसला गरेको थियो।[2]

सोहीअनुसार, OAG/SED ले कागजपत्र नभएका बच्चाहरूको महत्वपूर्ण अधिकारलाई ध्यानमा राख्दै, स्कूलमा दर्ता गर्दाको समयमा, सामाजिक सुरक्षा नम्बर माग्ने जस्ता स्कूलले बच्चाको आप्रवासी अवस्था खुलाउने खालका प्रश्नहरू सोध्ने छैनन् भनेर स्कूल डिस्ट्रिक्टहरूलाई दिएको मार्गदर्शनमा यो अधिकारलाई विशेष रुपले अंकित गरेको छ।[3] राज्य तथा/वा सङ्घीय कानूनहरू बमोजिम स्कूलहरूलाई विद्यार्थीहरूको निश्चित जानकारीहरू जम्मा गर्नुपर्ने हुन सक्ने भएतापनि, आप्रवासी अवस्थासँग

[1] Educ. Law §§ 3202(1), 3205 *हेर्नुहोस्*।

[2] *Plyler v. Doe,* 457 U.S. 202 (1982); *Appeal of Plata*, 40 Ed. Dep’t Rep. 552, निर्णय न. 14,555 *पनि हेर्नुहोस्*।

[3] *जस्तै:* Cosimo Tangorra, Jr., “*Dear Colleague” पत्र*, न्यूयोर्क स्टेट एजुकेशनल डिपार्टमेन्ट (सेप्टेम्बर 10, 2014), http://www.p12.nysed.gov/sss/documents/EducationalServicesforRecentlyArrivedUnaccompaniedChildren.pdf *हेर्नुहोस्*।

सम्बन्धित जानकारी कतै भर्ना प्रक्रिया निर्णय हेतु चाहिने त होइन भनेर गलत सन्देश जान सक्ने भएकोले त्यस्ता जानकारीहरू भर्ना भएपछि मात्र लिन पनि हामीले निर्देशित गरेका छौँ।[4]

हालै, हाम्रो एजेन्सीमा हामीले खासगरी, यू.एस. इमिग्रेशन एण्ड कस्टम्स इनफोर्समेन्ट ("ICE") का प्रतिनिधिहरूद्वारा विद्यार्थीहरूलाई भेट्ने वा अन्तर्वार्ता लिने, वा विद्यार्थीको अभिलेखसम्म पहुँच प्राप्त गर्ने अनुरोध सहित अन्य सम्भावित अनुरोधहरूको सम्बन्धमा स्कूल डिस्ट्रिकहरूको दायित्वहरूको सन्दर्भमा प्रश्नहरू प्राप्त गरेका थियौँ। तपाईंहरूलाई थाहै छ कि कानून कार्यान्वयन गर्ने संस्थाले विद्यार्थीहरूलाई स्कूलमा सोधपुछ गर्ने सम्बन्धमा न्यूयोर्क फेमिली कोर्ट ऐक्ट ("NYFCA") तथा सङ्घीय फेमिली एजुकेशनल राइट्स एण्ड प्राइवसी ऐक्ट ("FERPA") सहित विभिन्न कानूनहरूले स्कूल डिस्ट्रिकहरूलाई कानुनी जिम्मेवारीहरू दिएका छन्। यस्ता कर्तव्यहरूको उल्लङ्घन, चाहे त्यो सङ्घीय आप्रवासन प्राधिकरणहरूबाट भएको अनुरोधलाई पूरा गर्नको लागि भएको होस्, भएको खण्डमा यसले स्कूल डिस्ट्रिकहरूका उत्तरदायित्वहरू बढाउन सक्छ। सोहि कारणले गर्दा, हाम्रा एजेन्सीहरूले सम्पूर्ण स्कूल डिस्ट्रिकहरूका कर्मचारीहरूलाई सङ्घीय आप्रवासन अधिकारीहरूबाट कुनै पनि अनुरोध प्राप्त भएमा तुरन्तै आफ्नो सुपरिटेण्डेन्ट र स्कूल एटर्नीहरूलाई सम्पर्क गर्न प्रोत्साहित छौँ। ती अनुरोधहरूको जवाफ दिनु भन्दा पहिले, ती अनुरोधहरूको जवाफ दिँदा यसले कतै स्कूल डिस्ट्रिकद्वारा सामान्य व्यवहारिताको कानून (law of general applicability) को उल्लङ्घन हुन्छ कि भनेर निर्धारण गर्न स्कूल डिस्ट्रिकका कर्मचारीहरूले आफ्ना सुपरिटेण्डेन्ट र एटर्नीहरूसँग मिलेर काम गर्नुपर्छ।

*विद्यार्थीहरूसँग भेट गर्न वा अन्तर्वार्ता लिनको लागि अनुरोध।* केहि सिमित अवस्थाहरूमा (जस्तै, कानून कार्यान्वयन गराउने अधिकारीहरूसँग वैध पक्राउ पुर्जी भएको वा स्कूल हाता भित्र अपराध कार्य घटेको अवस्था) बाहेक **विद्यार्थीको आमा/बुबा वा आमा/बुबाको नातामा रहेका व्यक्तिको अनुमति बिना कानून कार्यान्वयन गराउने अधिकारीले विद्यार्थीलाई स्कूल हाताबाट लिएर जाने वा सोधपुछ गर्न सक्ने छैनन् भन्ने SED को अडान धेरै समय देखि रहेको छ**।[5] स्कूल अधिकारीहरूलाई कानुनी र स्थानीय स्कूल नीतिहरूको सीमामा रहेर कानून कार्यान्वयन गराउने निकायहरूलाई सहयोग गर्न प्रोत्साहित गरिएको छ। हामीले स्पष्ट रुपमा सुझाव दिन्छौं कि यदि ICE वा अन्य सङ्घीय आप्रवासन अधिकारीहरू विद्यार्थीहरू बारे बुझ्न (अन्तर्वार्ता तथा/वा सोधपुछ) को लागि स्कूल आइपुगेमा विद्यार्थीसम्म तिनीहरूलाई पहुँच दिनु भन्दा पहिले, विशेष गरी शिक्षा कानून, *Plyler*, र NYFCA अन्तर्गत आफ्नो कर्तव्य अनुसार स्कूल डिस्ट्रिकले आफ्ना कर्मचारीहरूलाई मार्गदर्शनको लागि तुरन्तै सुपरिटेण्डेन्ट र स्कूल एटर्नीसँग सम्पर्क गर्न भन्नुपर्छ।

*विद्यार्थीको शैक्षिक अभिलेखसम्म पहुँचको लागि अनुरोध।* त्यसैगरी, विद्यार्थीको शैक्षिक अभिलेखसम्म पहुँच पाउनको लागि आप्रवासन अधिकारीहरूको अनुरोध प्राप्त भएमा स्कूल डिस्ट्रिकहरूले तुरन्तै आफ्नो एटर्नीहरूलाई सम्पर्क गर्नुपर्छ भनेर हाम्रा

[4] सामाजिक सुरक्षा परिचय बारे निर्दिष्ट सन्दर्भमा, SED ले डिस्ट्रिकहरूलाई कुनै पनि उद्देश्यको लागि वा कुनै पनि समय, चाहे त्यो भर्ना अगाडि होस् वा भर्ना भए पछि, विद्यार्थीहरूको सामाजिक सुरक्षा कार्डहरू वा नम्बरहरू सङ्कलन गर्नुपर्ने आवश्यक गरेको छैन।

[5] *जस्तै,* N.Y.S.E.D. काउन्सेलको धारणा 91 (जुन 17, 1959) ("बच्चाको आमा/बुबाको अनुमति बिना कुनै पनि प्रकारका अधिकारीहरूले सोधपुछको लागि हाजिरमा रहेका बच्चालाई स्कूलको भवनबाट बाहिर लैजान सक्ने छैनन्") *हेर्नुहोस्;* N.Y.S.E.D. काउन्सेलको धारणा 148 (फेब्रुअरी 23, 1965) ("कुनै पनि उद्देश्यको लागि विद्यार्थीहरूलाई सोधपुछको लागि वा हाता भन्दा बाहिर लैजानको लागि कानुन कार्यान्वयन गराउने अधिकारीहरू वा अन्य तेस्रो पक्षलाई आधिकारिकता दिने खालको विद्यार्थीको संरक्षकत्व जिम्मेवारी स्कूलसँग हुदैन") *पनि हेर्नुहोस्*। यो स्थिति, *inter alia*, NYFCA सहितका विभिन्न कानुनहरूमा आधारित छ, जसले 16 वर्ष भन्दा कम उमेरको बच्चालाई कानुन कार्यान्वयन गराउनेको हिरासतमा राख्दा पुलिस अधिकारीले तुरन्तै बच्चाको आमा/बुबा वा बच्चाको हेरचाहको लागि जिम्मेवार जोकोहीलाई पनि सम्पर्क गर्ने हरसम्भव प्रयास गर्नुपर्ने आवश्यकता गरेको छ, र अझ, यदि आमा/बुबा वा अभिभावक उपस्थित भएमा बच्चाको अधिकार बताएर र सोधपुछको कार्यमा सहभागी हुने अवसर प्रदान गरेपछि मात्र सोधपुछ गर्नुपर्नेछ भनि कायम गरेको छ। न्यूयोर्क परिवार अदालत ऐन (N.Y. Family Court Act) § 305.2; Matter of Jimmy D., 15 N.Y.3d 417 (2010) *हेर्नुहोस्*।

एजेन्सीहरू सल्लाह दिन्छन् किनभने यस्ता अनुरोधलाई स्वीकार गरेर जानकारी दिँदा यसले FERPA उल्लङ्घन गर्न सक्छ।[6] FERPA ले सङ्घीय अनुदान प्राप्त गर्ने स्कूल डिस्ट्रिकहरूलाई आमा/बुबा वा योग्य विद्यार्थीको अनुमति बिना विद्यार्थीको शैक्षिक अभिलेखहरूमा संरक्षित व्यक्तिगत पहिचान जनाउने खालको जानकारी ("PII") खुलासा गर्न सामान्यतया रोक लगाएको छ। कानूनको पालना गराउनेहरूले नियमानुसार पहिले नै तय गरिएको सिमित अवस्थाहरूलाई पूरा गरेको खण्डमा मात्र FERPA ले अनुमति बिना त्यस्तो खुलासा गर्न अनुमति दिन्छ। यस्तो सिमित अवस्थाहरूमा सङ्घीय सरकारका तोकिएका व्यक्तिहरूद्वारा विशेष रूपले गरिएका अनुरोधहरू पर्दछन्।[7] **यद्यपि, ICE वा अन्य सङ्घीय आप्रवासन अधिकारीहरूद्वारा विद्यार्थीको शैक्षिक अभिलेखहरूबाट PII सम्मको पहुँचको लागि गरिएको अनुरोध, तेस्रो पक्षलाई खुलासा गर्न आमा/बुबा वा योग्य विद्यार्थीको अनुमति नचाहिने FERPA को सामान्य नियममा अपवादको रूपमा पर्दैन**।[8]

हालैको हप्ताहरूमा देशभरिका स्कूलहरूमा भएका उत्पीडनका घटनाहरूको खबरहरूलाई ध्यान राख्दै SED को P-12 शिक्षा नीतिको कार्यालय (SED's Office of P-12 Education Policy) ले स्कूल तथा डिस्ट्रिकहरूलाई डिग्निटी फर अल स्टुडेन्ट्स ऐक्ट ("DASA") को सन्दर्भमा आज मार्गदर्शन पनि जारी गर्दैछ। त्यो निर्देशिका यहाँ उपलब्ध हुनेछ: http://www.p12.nysed.gov/dignityact/documents/dasa-guidance.pdf

सङ्घीय सरकारले आप्रवासन-सम्बन्धि के-कस्ता कार्यवाहीहरू गर्ने हो भन्ने अनेकौं प्रश्नहरू उठिरहेको बेलामा, हामी शिक्षाविद तथा सरकारी अधिकारीहरू भएको नाताले, हामीले हाम्रो स्कूल समूदायलाई समावेशीकरण तथा प्रतिशोधको त्रास बिना स्कूलमा रहेर शिक्षा प्राप्त गर्ने अधिकार हरेक विद्यार्थीहरूको हुन्छ भनि सम्झाउनु ज्यादै महत्वपूर्ण हुन्छ। सबै बालबालिकाहरूका लागि हाम्रो कक्षाकोठाहरू सुरक्षित आश्रयस्थलको रूपमा रहिरहनुपर्छ। हाम्रा विद्यार्थी, परिवार तथा समूदायहरूलाई सहयोगको निम्ति तपाईंहरूले गर्नुभएका कार्यहरूको लागि हामीले तपाईंहरूलाई फेरी पनि धन्यवाद दिन चाहन्छौं।

भवदीय,

मेरीएलिन एलिया (MaryEllen Elia)
शिक्षा आयुक्त (Commissioner of Education)

एरिक टि. स्नाइडरम्यान (Eric T. Schneiderman)
महान्यायाधिवक्ता (Attorney General)

---

[6] 20 U.S.C. § 1232g *हेर्नुहोस्*।

[7] 34 C.F.R. §99.31(a)(3) बमोजिम, 34 C.F.R. §99.35 को आवश्यकताको विषयमा, अमेरिकी महालेखापरिक्षक (U.S. Comptroller General) को आधिकारिक प्रतिनिधिहरू, अमेरिकी महान्यायाधिवक्ता, यू.एस. डिपार्टमेन्ट अफ एजुकेशनका सेक्रेटरी, वा राज्य तथा स्थानीय शैक्षिक प्राधिकरणहरूलाई खुलासा गर्न सकिने।

[8] 34 C.F.R. § 99.31 *हेर्नुहोस्*।